“समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर

“अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका”

# तिलोत्तमा नगरपालिका
# प्रथम चौमासिक प्रगती प्रतिवेदन
## (आ.व.२०७९/०८०)

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# प्रस्तुतीका विषयहरु

- विषयगत शाखाबाट सम्पादित मुख्य कार्यहरु
- लागत
- समस्या तथा चुनौतीहरु
- समाधानका उपायहरु

# प्रथम चौमासिकमा सम्पादित मुख्य कार्यहरु

- सार्वजनिक सुनुवाई कार्यक्रम
- आ.व. ०७८/०७९को वार्षिक प्रगती समीक्षा
- नगर प्रमुख छात्रवृत्ति वितरण कार्यक्रम
- उत्पादनमा आधारित दुग्ध अनुदान कार्यक्रम
- हेल्लो तिलोत्तमा गुनासो व्यवस्थापन
- विद्युतीय हाजिरी, विद्युतीय दर्ता/चलानी
- आ.व.०७९/०८० को लागि सार्वजनिक खरिद योजना तयार भएको ।
- आ.व.२०७८/०७९को आन्तरिक लेखा परिक्षण सम्पन्न भएको।

- **सार्वजनिक सुनुवाई कार्यक्रम :**

सार्वजनिक अधिकार प्राप्त निकाय वा पदाधिकारीले गरेको कामको सम्बन्धमा सरोकारवालासँग गरिने प्रत्यक्ष संवाद तथा अन्तरक्रिया नै सार्वजनिक सुनुवाई हो । सार्वजनिक निकायको सेवाप्रति पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीपन सुदृढ गर्नका लागि अवलम्बन गरिने सहभागितामुलक पद्धति हो । आन्तरिक सुशासनको कडी हो । नागरिकले प्राप्त सार्वजनिक सेवा प्रति पिरमर्का, गुनासो, जिज्ञासा सरोकारवालाहरुसँग प्रत्यक्ष रुपमा व्यक्त गर्ने तरिका हो सार्वजनिक निकायले कम्तिमा वर्षको १ पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । सोही कुरालाई मध्यनजर गर्दै तिलोत्तमा नगरपालिकाले सेवाप्रति जनसन्तुष्टी सर्वेक्षणका लागि मिति २०७९/०६/१४ गते लुम्बिनी मिडिया हव, तिलोत्तमा, रुपन्देहीको समन्वयमा सार्वजनिक सुनुवाई कार्यक्रम ५०० सय जनाको सहभागितामा सम्पन्न गरेको थियो । सहभागीहरुले सरोकारवालासँग प्रत्यक्ष रुपमा गुनासो तथा जिज्ञासा व्यक्त गरेका थिए । विषयसँग सम्बन्धित व्यक्तित्वहरुबाट उक्त गुनासो एवम् जिज्ञासाहरुको सम्बोधन गरिएको थियो ।






- **आ.व. ०७८/०७९को वार्षिक प्रगती समीक्षा :**

तिलोत्तमा नगरपालिकाको आ.व. २०७८/०७९ को बार्षिक प्रगती समीक्षा कार्यक्रम मिति २०७९/०६/०७ गते सम्पन्न गरियो । नगर प्रमुख, उप प्रमुख, जिल्ला समन्वय अधिकारी, नगरसभा सदस्य, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी लगायत २५० जना बरावरको उपस्थितीमा आयोजित उक्त कार्यक्रममा विषयगत शाखा प्रमुखहरुबाट गत आ.व.मा भए गरेका कार्यहरुको प्रगती प्रतिवेदन प्रस्तुत गरिएको थियो । सहभागीहरुले विगतमा भएका कमी कमजोरीहरुलाई न्यूनीकरण गर्दै असल अभ्यासहरुलाई निरन्तरता दिन र चालु आ.व.मा थप सिर्जनशील एवम् रचनात्मक कार्यकहरु गर्न सुझावहरु दिनु भएको थियो । कार्यालयबाट प्राप्त सुझावहरु ग्रहण गरी सोही बमोजिम कार्यक्रमहरु अगाडी बढाउने प्रतिवद्धता जाहेर गरिएको थियो ।



## ➢ उत्पादनमा आधारित दुग्ध अनुदान वितरण कार्यक्रम सम्पन्न ।

किसानहरुलाई उत्प्रेरित गर्दै दुग्ध तथा मासुजन्य पदार्थको उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बन्न तिलोत्तमा नगरपालिकाले पशु क्षेत्रको विकासमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । घाँसको उत्पादमा वृद्धि गर्न विउँमा अनुदान, उन्नत नश्ल सुधार, उत्पादनमा आधारित दुधमा अनुदान लगायतका कार्यहरुलाई उदारणको रुपमा लिन सकिन्छ । दुग्ध उत्पादन कृषकहरुलाई प्रोत्साहन गर्न यस नगरपालिकाले विगत ४ वर्षदेखि उत्पादनमा आधारित दुग्ध अनुदान कार्यक्रम संचालनमा ल्याएको छ । चा.लु. आ.व.को कार्तिक ३ गते नगरपालिको मिति २०७९/०७/०३ गते तिलोत्तमा नगरपालिकाको हलमा उक्त कार्यक्रम आयोजना गरी ५३ जनाको सहभागीतमा १३ वटा सहकारी मार्फत कृषकहरुलाई विनियोजित रकम रु.५० लाख मध्येबाट प्रति लिटर १ रुपैयाका दरले रु.३२ लाख ३५ हजार ६ सय ७० रुपैया वितरण गरियो ।



- **विद्युतिय हाजिरी, दर्ता /चलानीः**

- राष्ट्रसेवक कर्मचारीले पेशागत मर्यादा एवम् आचारसंहिताको पालना गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो सर्वसुलभ गुणस्तरीय बनाई जनविश्वास हासिल गर्न तिलोत्तमा नगरपालिकाले मिति २०७९/०७/१४ देखि मुख्य प्रशासनिक कार्यालय, वडा कार्यालय तथा ४२ वटै सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी सुचारु गरिएको छ । साथै मुख्य प्रशासनिक कार्यालयमा विद्युतीय दर्ता/चलानी संचालनमा समेत ल्याएको छ ।यसबाट विद्युतिय सुशासन कायम गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।



- **हेल्लो तिलोत्तमा गुनासो व्यवस्थापन**

नगरबासीको गुनासो एवम् अपेक्षालाई सम्बोधन गर्न मिति २०७९/०६/१४ गते देखि तिलोत्तमा नगरपालिकाले हेलो तिलोत्तमा कार्यक्रम संचालनमा ल्याएको छ । नगर प्रमुख रामकृष्ण खाणबाट शुभारम्भ गरिएको हेलो तिलोत्तमा अन्तरर्गत प्रथम चौमासिकमा ४ ओटा गुनासोका निवेदन दर्ता भएका छन् । दर्ता भएका ३ गुनासोको व्यवस्थापन भैसकेको छ । बाँकी दुधमा पानी मिसावट सम्बन्धी गुनासो व्यवस्थापनको प्रक्रियामा रहेको छ । संचार माध्यम मार्फत मिसावट गरी विक्री गर्नेलाई खाद्यवस्तुमा मिसावट सम्बन्धी कानून अनुसार कसुर हुने र सम्पूर्ण नगरबासी एवम् स्वयम् उपभोगकर्तालाई समेत सचेत रहन सूचनामूलक सन्देश जारी गरिएको छ ।



- **नगरप्रमुख छात्रवृत्ति वितरण कार्यक्रम**

  शिक्षा सभ्य व्यक्ति एवम् समाज निर्माणको आधार हो । मानवीय विकासको पूर्वशर्त हो । राष्ट्रको सर्वाङ्गिर्ण विकासको अग्रसूचक हो । यसैलाई मध्यनजर गर्दै तिलोत्तमा नगरपालिकाले शिक्षाको क्षेत्रमा विभिन्न अनुकरणीय कार्यहरु संचालन गरेको छ ।त्यस मध्येको एक नगरप्रमुख छात्रवृत्ति पनि हो । गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शिक्षाको मुल धारमा समाहिकरण गरी उच्च मनोबल तथा उत्प्रेरणा जगाई दक्ष जनशक्ति निर्माणमा टेवा पुर्‍याउनु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ । नगर प्रमुखले प्राप्त गर्ने पारिश्रमिक र नगरपालिकाको संयुक्त फन्डबाट छात्रवृत्ति कोष खडा गरिएको छ ।उक्त कोषबाट प्रत्येक वर्ष बाल दिवसको अवसरमा नगरक्षेत्र अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयको सिफारिस एवम् मुल्याङ्कन समितिको सिफारिसका आधारमा उपलब्ध गराइन्छ । मिति २०७९/०५/२९ गते बाल दिवसको अवसरमा नगरपालिकाको मुख्य कार्यालय परिसरमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम आयोजना गरी सामुदायिक विद्यालयका १४७ जना विद्यार्थीहरुलाई रु.७०४६३० बरावरको रकम वितरण गरिएको थियो ।






- **आ.व.२०७८/०७९को आन्तरिक लेखा परिक्षण सम्पन्न भएको**

कार्यप्रक्रियामा सुधार ल्याउन, आन्तरिक अनुशासन कायम गर्न, वेरुजुको न्युनीकरण तथा अन्तिम लेखा परीक्षणलाई सहयोग पुऱ्याउन आन्तरिक लखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।सोही उद्देश्य बमोजिम यस नगरपालिकाको आ.व. २०७८/०७९ को आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न भयो ।

- **आ.व.०७९/०८० को लागि सार्वजनिक खरिद योजना तयार**

सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ पछिल्लो संशोधनको परिधिमा रही यस नगरपालिकाले गर्नुपर्ने विकास निर्माणका कार्य एवम् नियमित सेवा प्रवाहका लागि सम्भावित सामग्रीको खरिद कार्य गर्न यस नगरपालिकाको आ.व.२०७९/०८० को खरिद योजना तयार गरी कार्यन्वयन भईरहेको छ ।

# प्रशासन तथा व्यवस्थापन क्षेत्रमा सम्पादित कार्यहरु

सार्वजनिक उद्देश्य प्राप्तिका लागि सार्वजनिक स्रोत साधन एवम् अधिकारको प्रयोग गरी लोक कल्याणकारी कार्य गर्नु सार्वजनिक व्यवस्थापन हो । यस नगरपालिकाको आ.व.२०७९/०८० को प्रथम चौमासिकमा सार्वजनिक प्रशासनको क्षेत्रमा देहायका कार्यहरु सम्पन्न भएका छन् ।

- नगर कार्यपालिका बैठक ३ पटक बसेको ।,
- तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७९ राजपत्रमा प्रकाशन भई २०७९/०४/०१ गतेबाट कार्यान्वयन भईरहेको ।
- तिलोत्तमा नगरपालिकाको विनियोजन ऐन, २०७९ राजपत्रमा प्रकाशन भई २०७९/०४/०१ गतेबाट कार्यान्वयन भईरहेको ।
- २०७९/०५/२२ गते रोजगार सहायकको पदपूर्ती प्रक्रिया सम्पन्न गरिएको ।
- विभिन्न निकायबाट माग गरिएका विवरणहरु यथा समयमै प्रेषण गरिएको ।
- नगरपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयका कर्मचारीहरुको हेरफेर गरी खटनपटन गरिएको छ।





# योजना तथा अनुगमन

**प्रथम चौमासिकमा योजना तथा अनुगमन क्षेत्रमा सम्पन्न कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।**

- मिति २०७९/०६/०८ गते देखि १० गते सम्म संचालन गरिएको थियो । २ लाख ८५ हजार र १३० जनाको सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको ।
- वर्षातले जिर्ण भएका करिव ३ कि.मी. सडकहरुको मर्मत कार्य सम्पन्न भएको ।
- चालु आ.व.मा सुरु भई प्रथम चौमासिक सम्ममा जम्मा २० ओटा योजनाको सम्झौता कार्य भएको ।
- नगरपालिकाका प्रशासनिक भवन परिसरको डि.पी.आर. तथा मास्टर प्लान निर्माण भएको ।






# भवन तथा बस्ती विकास

दिगो, व्यवस्थित सहरी विकासका लागि निर्धारित मापदण्ड बमोजिम गुणस्तरीय सामग्री प्रयोग गरी सडक, ढल, निजी/सामुदायिक/सार्वजनिक भवन लगायतका संरचनाहरुको निर्माण गर्नु पर्दछ । अनि मात्र जोखिमको न्यूनिकरण हुन्छ । सुन्दर शहर निर्माण गर्न सकिन्छ । यस नगरपालिकामा सोही बमोजिम भवन निर्माण संहिता, २०७२ एम.टि.एम.पी. तथा पि.पि.एम.ओ.को गाइडलाईन अनुसार निर्माणजन्य कार्यहरु हुँदै आइरहेका छन् । आ.व. २०७९/०८० को प्रथम चौमासिकमा भवन तथा बस्ती विकास क्षेत्रमा सम्पन्न कार्यहरु तपसिल बमोजिम रहेका छन् ।










# भवन तथा वस्ती विकास

मिति २०७९/०४/२५ गते देखि दुई चरणमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाले तिलोत्तमा नगरपालिकासँग समन्वय गरी तिलोत्तमा नगपालिकामा कार्यरत सम्पूर्ण प्राविधिक तथा नगरपालिका अन्तर्गतका करिव ३० जना परामर्शदाताहरुलाई “Training on NBC-105 and other Byelaws” सम्बन्धी ५ दिने तालिम सम्पन्न गरिएको ।

| आ.व. २०७९/०८० | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | महिना | दर्ता | पिलिन्थ इजाजत | सुपर इजाजत | सम्पन्न |
| १ | श्रावण | ७७ | ५० | ७३ | ४३ |
| २ | भाद्र | ९३ | ४५ | ७० | ६१ |
| ३ | आश्विन | ९४ | ३२ | ३४ | ४९ |
| ४ | कार्तिक | १२२ | ४० | ५० | ८८ |
| कुल | | ३८६ | १६७ | २२७ | २४१ |

| आ.व. २०७९/०८० राजस्व संकलन | | |
|---|---|---|
| सि.नं. | महिना | राजस्व |
| १ | श्रावण | १५२५३८१.७५ |
| २ | भाद्र | १६५६६१२.४० |
| ३ | आश्विन | १३३२५४१.९८ |
| ४ | कार्तिक | १७४२५८७.५६ |
| | कूल | ६२५७१२३.६९ |

# शिक्षा युवा तथा खेलकुद विकास

**सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी २ दिने तालिम सम्पन्न गरियो ।**

- कुल खर्चः २,००,०००, सहभागी संख्याः १०० जना ।
- वित्तिय प्रगति प्रतिशतः ६६/६५ ।
- उपलब्धीः शिक्षकहरूलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी ज्ञान र सिप हासिल गर्न टेवा पुगेको ।






**सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम (कक्षा १-३) सम्बन्धी ४-४ दिने (दुई समुह) गरी ८ दिनको तालिम सम्पन्न गरियो ।**

- कुल खर्चः ५,००,०००, सहभागी संख्याः ९० जना ।
- वित्तिय प्रगति प्रतिशतः १०० ।
- उपलब्धीः आधारभुत तहका शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम सम्बन्धमा ज्ञान र सिप हासिल भएको ।



# शिक्षा, युवा तथा खेलकुद विकास

२०७९ भाद्र २९ गते बाल दिवशको अवसरमा सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार १४७ जना विद्यार्थीहरूलाई नगरप्रमुख छात्रवृत्ति वितरण कार्य र जीवनी अन्तरसंवाद कार्यक्रम सम्पन्न गरिएको ।




बाल दिवसको अवसरमा नगर बाल संजालको आयोजनामा कविता प्रतियोगिता कार्यक्रम सम्पन्न भयो ।




- कुल खर्च: ७०५०० , सहभागी संख्या: ५० जना ।
- उपलब्धी: बालबालिकाहरुमा भएको अन्तनिर्हित प्रतिभाको प्रष्फुटन भएको ।








# समस्या, चुनौती र समाधानका उपायहरु

## समस्याहरू

- छात्रवृत्ति वितरणमा लक्षित वर्ग सबैलाई समेट्न नसक्नु ।
- एकीकृत पाठ्यक्रमको ध्येय अनुसार मूल्याकन प्रक्रियामा कठिनाई तथा संस्थागत विद्यालयमा सोहि बमोजिमको पठनपाठन गराउन नसकिएको ।
- बालमैत्री स्थानीय शासन वडास्तरमा सञ्चालित विविध कार्यक्रम गर्दा बालबालिका तथा सरोकारवालाहरूमा भत्तामुखी प्रवृत्तिको विकास भएकाले कार्यसम्पादनमा कठिनाई ।

## चुनौती

- बालमैत्री स्थानीय शासन दिगोपना कायम गरी सूचकमा सुधार तथा निरन्तरता ल्याउन ।

## समाधानका उपायहरू

- संस्थागत विद्यालयका शिक्षकहरूलाई समावेश गरि एकीकृत पाठ्यक्रम सम्बन्धि तालिम सञ्चालन गर्नुपर्ने ( प्र.अ. लाई समेत राखी)
- विपन्न तथा अन्य विद्यार्थीलाई समेत समेट्ने गरी छात्रवृत्तिको दायरा फराकिलो बनाउनुपर्ने ।
- बालमैत्री सूचक निरन्तरता र दिगोपनाका लागि नियमित रुपमा वडा तथा नगरमा सूचक अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

# आर्थिक प्रशासन

## आर्थिक वर्ष २०७९/०८० को बजेट, कार्यक्रम र खर्चको स्थिती:

- स्वीकृत वार्षिक बजेटः २,०७,७८,८३,०००।००
- जम्मा आम्दानीः ३२,९७,६१,१८६।५४
- स्वीकृत जम्मा खर्चः २०,५०,६१,१६५।५१

# आर्थिक प्रशासन

## आ.ब. २०७९।८० को आय विवरण :

| क. स | शीर्षक | प्रस्तावित आय | वस्तविक आय |
|---|---|---|---|
| १ | संघीय सरकार (समानिकरण अनुदान) | २६,७०,००,०००.०० | ६,६७,५०,०००.०० |
| २ | संघीय सरकार (सर्सत अनुदान) | ६०,१९,००,०००.०० | १९,६५,१५,०००.०० |
| ३ | संघीय सरकार (विशेष अनुदान) | १,५०,००,०००.०० | 0.00 |
| ४ | संघीय सरकार (समपुरक अनुदान) | १,२०,००,०००.०० | 0.00 |
| ५ | प्रदेश सरकार (समानिकरण अनुदान) | १,४३,६६,०००.०० | ३५,९१,५००.०० |
| ६ | प्रदेश सरकार (सर्सत अनुदान) | १,३०,००,०००.०० | 0.00 |
| ७ | प्रदेश सरकार (विशेष अनुदान) | ७०,००,०००.०० | 0.00 |
| ८ | प्रदेश सरकार (समपुरक अनुदान) | १,५०,००,०००.०० | 0.00 |
| ९ | राजश्व वाँडफाँड संघीय सरकार (मु.अ.कर) | १५,८९,२३,०००.०० | ७९,७१,५१४.५४ |
| १० | आन्तरिक श्रोत | ४४,५८,००,०००.०० | ५,४९,३३,१७२.०० |
| ११ | सामाजिक सुरक्षा | २५,००,००,०००.०० | ९,५४,७०,०४५।०० |

# आर्थिक प्रशासन

## आ.व. २०७९/०८० को खर्चका आधारमा व्यय विवरण

| क.स | शिर्षक | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | चालु खर्च | १६,५१,७४,२८०।५१ | २३.०३ प्रतिशत |
| २ | पुँजीगत खर्च | ३,९८,८६,८८५।०० | ३.५९ प्रतिशत |
| | सामाजिक सुरक्षा | ९,५४,७०,०४५।०० | |
| | **कुल जम्मा** | ३०,०५,३१,२१०।५१ | |

# राजश्व

| क.स. | आम्दानीको श्रोत | आ.व.०७९/०८० को आय | | प्रतिशत |
|---|---|---|---|---|
| | | अनुमानित आय | कार्तिक मसान्त सम्मको आय | |
| १ | सम्पत्ति कर | ५०००००००.०० | २४८७२९९०.१९ | ४९.७५ |
| २ | घरबहाल कर | ५०००००००.०० | ११०१९६७७.३४ | २२.०४ |
| ३ | व्यवसाय कर | ३०००००००.०० | १७७२२९१२.०० | ३९.०८ |
| ४ | विज्ञापन कर | ७५००००.०० | ६३७५००.०० | ८५ |
| ५ | बहाल विटौरी कर (अव्यवस्थित बसोबास शुल्क) | ६५००००००.०० | ८६०३५८.९० | १६०.६८ |
| | बहाल विटौरी कर (हाटबजार बैठकी कर ठेक्का) | | ९५८३१८८.०० | |
| ७ | सेवा शुल्क, दस्तूर | | | |
| | क नक्सा पास दस्तुर | ४१००००००.०० | ६२५७१२३.६९ | १५.२६ |
| | ख सिफारिस तथा निवेदन दस्तुर | २८००००००.०० | ५७७८६४४.१३ | २०.२४ |
| | ग घटना दर्ता विलम्ब दस्तूर | ३०००००.०० | ३१५८७७.०० | १०५.२९ |
| | घ अन्य दस्तूर (विविध आय) | १००००००.०० | १४६९६०७.१६ | १४.७० |

# राजश्व

| | | | | |
|---|---|---|---|---|
| ८ | **विविध आय** | | | |
| | **क) नदीजन्य पदार्थ विकी कर** | | | |
| | नदिजन्य पदार्थ उत्खनन् ठेक्का बन्दोवस्त बाट आय | १२००००००००.०० | ०.०० | ०.०० |
| | नदिजन्य पदार्थ नियमन कार्यबाट प्राप्त आय | ४०००००००.०० | ०.०० | ०.०० |
| | सडक मर्मत संभार दस्तुर | २५००००००.०० | ३१०५३२७.०० | १२.४२ |
| | ख) घर बाटो प्रमाणित दस्तुर | ४०००००००.०० | ८२७३६३३.४० | २०.६८ |
| | ग) माछा पोखरी | १०००००.०० | ०.०० | ०.०० |
| | घ) धरौटी जफत | १०००००.०० | ०.०० | ०.०० |
| | ङ) दण्ड जरिवानाबाट प्राप्त आम्दानी | १०००००.०० | १३७५७००.०० | १३७५.७० |
| १० | सरकारी सम्पत्ति बहालबाट आम्दानी | ३९५००००.०० | ०.०० | ०.०० |
| | **जम्मा आम्दानी** | **४४५८०००००.००** | **८५२७२५३८.८१** | **१९.१३** |

# समस्याहरु

- हालसम्म करदाताको अभिलेख तयार नहुनु,
- करदाताले बुझाउनुपर्ने करको एकीकृत दायित्वको सूचना प्रणालीको अभाव,
- घरबहाल कर दायरामा ल्याउने प्रणालीको अभाव,
- व्यवसाय करको लागि व्यवसायको वर्गिकरण गर्ने प्रणालीको अभाव,
- सबै प्रकारका व्यवसायहरुलाई व्यवसाय करको दायरामा ल्याउन नसकिएको,
- सबै पुराना घरहरु नक्सा नियमितको दायरामा ल्याउन नसकिएको,
- सबै अव्यवस्थित घरजग्गालाई बहाल बिटौरी करको दायरामा ल्याउन नसकिएको,
- कुनैपनि साना सवारीहरु करको दायरामा ल्याउन नसकिएको,
- विज्ञापन नीति नहुँदा विज्ञापन कर सम्बन्धमा अन्यौलता,
- नदीजन्य पदार्थको बिक्री दर र नियन्त्रण प्रणालीमा छिमेकी पालिकाहरु बिच एकरुपता र उल्लेख्य समन्वयको अभाव, यस सम्बन्धि स्पष्ट कानूनको अभाव ।
- अनलाईन राजस्व बुझाउने प्रणाली प्रभावकारी हुन नसकेको ।

# समाधानका उपायहरु

- कम्तिमा पनि सम्पत्ति कर, व्यवसाय कर र अव्यवस्थित बसोबासीको करदाता अभिलेख खडा गरि करदाता नं. दिने प्रणालीको विकास गर्नुपर्ने ।
- करदाता नं.बाट निजले वार्षिक रुपमा बुझाउनु पर्ने सबै कर दायित्वको विवरण अनलाईनबाटै हेर्न र बुझाउन सकिने प्रणालीको विकास गर्नुपर्ने ।
- करदाताको मोवाईलमा निजले बुझाउनु पर्ने करको रिमाण्डर र कर तिरेपछि धन्यबाद सहितको सन्देश जाने प्रणालीको विकास गर्नुपर्ने ।
- सबै प्रकारका घरबहाल सम्झौताको एक प्रति वडामा बुझाउनै पर्ने र वडा मार्फत सिस्टममा ईन्ट्री गरि घरबहाल कर बुझाए नबुझाएको हेर्न सकिने र नबुझाएको भएमा पहिला बहाल कर बुझाएर मात्र वडाबाट सेवा दिने र बिचैमा बहाल टुट्न गएमा वडामा यसको जानकारी गराई टुटेको अवधिको बहाल तिर्नुनपर्ने प्रणालीको विकास गर्नुपर्ने ।
- पुनः एकपटक अवसर दिई पुराना घरहरुको घरनक्सा नियमित गराउनु पर्ने ।
- तिनाउ र सुखौरा तथा रोहिणी नदीसंग सिमाना जोडिएका पालिकाहरु विच समन्वय गरि नदी उत्खनन् नियन्त्रण एवं नियमनमा एकरुपता ल्याउनुपर्ने
- तिलोत्तमा नगरपालिकाको विज्ञापन सामग्री जडान सम्बन्धि नीति बनाई लागु गर्नुपर्ने ।
- वडागत रुपमा कर संकलन अभियान चाल्नु पर्ने र वडागत रुपमा कर संकलक नियुक्त गरि कर संकलन प्रभावकारी बनाउनुपर्ने ।

# आन्तरिक लेखा परीक्षण

कार्यप्रक्रियामा सुधार ल्याउन, आन्तरिक अनुशासन कायम गर्न, वेरुजुको न्युनीकरण तथा अन्तिम लेखा परीक्षणलाई सहयोग पुऱ्याउन आन्तरिक लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस नगरपालिकाको आ.व. २०७८/०७९ को आन्तरिक लेखापरीक्षण सम्पन्न भैसकेको छ । जसको विस्तृत विवरण तपसिल बमोजिम रहेको छ।

- गत आ.व. को आन्तरिक लेखा परीक्षण सम्पन्न भएको । आ.ले.प. बाट औल्याईएका कैफियत तथा बेरुजुको बारेमा सम्पुर्ण शाखा प्रमुख हरुसंग जानकारी एंव अन्तरक्रिया गरिएको । बेरुजु फछ्र्यौट को लागि आवस्यक प्रमाण तथा कागजात संकलन गर्न जिम्मेवारी दिइएको । गत विगत आ.व.देखी हालसम्म को बेरुजुको लगत संकलन गरिएको ।

## लेखापरीक्षण प्रतिवेदन तथा संपरीक्षण विवरण

| आ.व. | बेरुजु विवरण | | | कुल बेरुजु | कैफियत |
|---|---|---|---|---|---|
| | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बेरुजु | | |
| 2074।075 | 11775000 | 30171000 | 27083000 | 69029000 | |
| 2075।076 | 7693000 | 52475000 | 33875000 | 94043000 | |
| 2076।077 | 8406000 | 107512000 | 1920000 | 117838000 | |
| 2077।078 | 5021000 | 58072000 | 8950000 | 72042000 | |
| जम्मा | 32895000 | 248230000 | 71828000 | 352952000 | |
| फर्छ्यौट तथा संपरीक्षण | आ.व 075/076 मा संपरीक्षण भएको | | | 13793000 | |
| | आ.व 077/078 मा संपरीक्षण भएको | | | 102534000 | |
| 077/078सम्म जम्मा वाँकी बेरुजु | | | | 236625000 | |

# आन्तरिक लेखा परीक्षण

**आ.व २०७४।०७५ देखि आ.व. ०७७।०७८ सम्मको बेरुजु तथा फछ्र्यौंट विवरण ।**

- तिलोत्तमा नगरपालिकाको आ.व. २०७४।०७५ को म.ले.प प्रतिवेदन अनुसार रु ६९०२९०००आ.व. २०७५।०७६ को म.ले.प प्रतिवेदन अनुसार रु ९४०४३००० आ.व. २०७६।०७७ को म.ले.प प्रतिवेदन अनुसार रु ११७८३८००० आ.व. २०७७।०७८ को म.ले.प प्रतिवेदन अनुसार रु ७२०४२००० गरी आ.व २०७७।०७८ सम्म जम्मा बेरुजु रकम रु ३५२९५२००० रहेको छ ।

**प्रगति तथा संपरीक्षणको विवरणः**

- आ.व. ०७५/०७६ मा रु १३७९३००० संपरीक्षण भएको।
- आ.व ०७७।०७८ मा रु १०२५३४००० संपरीक्षण भएको ।

**बाँकी बेरुजु विवरणः**

- आ.व. २०७४।०७५ देखी आ.व २०७७।०७८ सम्म जम्मा रु ३५२९५२००० बेरुजु औंल्याइएकोमा आ.व. २०७५।०७६ मा रु १३७९३००० र आ.व ०७७।०७८ मा रु १०२५३४००० संपरीक्षण भएकोले जम्मा वाँकी बेरुजु रु २३६६२५०००रहेको छ ।

# समस्या, चुनौती र समाधानका उपायहरु

**समस्याः**

- महालेखापरीक्षकबाट मुलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय तर्फ संकलन न्युन रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राख्ने गरेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको साथै विकास निर्माण तर्फ योजना प्राथमिकरण नगरेको, साना तथा टुक्रे योजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समिती बाट गराएको, दिर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता विविध समस्याहरु औंल्याएको पाइन्छ ।

**चुनौतिः**

- आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सिपयुक्त दक्ष जनशक्ति परिचालन गराउनु, सेवा प्रवाहमा अपेक्षित सुधार गर्नु, श्रोत साधन र सम्पतिको दुरुस्त अभिलेख राख्नु,योजना बनाउँदा मध्यम तथा दिर्घकालिन प्रकृतिका योजनाहरुको छनौट गर्नु, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी तथा परिणामुखी बनाउनु, समग्रमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीयको सहभागीता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ गराउनु चुनौतिपुर्ण रहेको देखिन्छ ।

**भविष्यमा गर्नुपर्ने सुधारः**

- बजेट अनुशासन कायम गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रण प्रणालीलाई सुदृढ गराउनु पर्दछ ।
- आर्थिक तथा कार्यात्मक वर्गीकरण अनुसारको बजेट तर्जुमा र सोको यथार्थ कार्यान्वयन अवस्थाको विश्लेषण गरी कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्ने तर्फ प्रयास गर्नुपर्दछ ।
- आयोजना व्यवस्थापनमा सम्भाव्यता अध्ययन, बिस्तृत सर्बेक्षण आयोजना छनौट बजेट तथा कार्यक्रम स्विकृति, कार्यान्वयन, अनुगमन मुल्याङ्कन, लाई प्रभावकारी बनाउनु पर्दछ
- आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी चौमासीक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासीक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गर्ने तथा चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।
- समयमै पेश्की फछ्र्यौट हुन नसक्दा कतिपय पेश्की रकम बेरुजुको रुपमा देखिएकाले आ.व. को अन्तमा आएर पेश्की लिने तथा दोहोरो पेश्की लिने प्रचलन लाई निरुत्साहित गरी समयमै पेश्की फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । ।

# आर्थिक विकास

आर्थिक विकास राष्ट्रिय समृद्धिको पूर्वसर्त हो । नागरिकको आयु, आयआर्जन, गुणस्तरीय जीवनयापनले आर्थिक स्तरको मापन गर्न सकिन्छ । जसका लागि आम्दानीका स्रोतको पहिचान गरी उत्पादन मूलक क्षेत्रमा लगानी, रोजगारीको सृजना, गरिवी न्यूनिकरण जस्ता कार्यहरु गर्न अपरिहार्य हुन्छ । सार्वजनिक, निजी/साझेदारी लगानी तथा सहकार्यबाट मात्रै आर्थिक विकास सम्भव हुने गर्दछ । यिनै कुराहरुलाई मध्यनजर गर्दै यस नगरपालिकामा आ.व.२०७९ को प्रथम चौमासिकमा आर्थिक विकासको क्षेत्रमा देहायका कार्यहरु सम्पन्न भएका छन् ।

| क्र.स. | विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | व्यवसाय दर्ता | ४२ |
| २ | व्यवसाय नविकरण | ६८७ |
| ३ | सहकारी संस्था दर्ता | २ |
| ४ | व्यवसाय दर्ता खारेजी | ९ |
| **घ वर्गको इजाजतपत्र नविकरण सम्बन्धी विवरण** | | |
| १ | दर्ता जम्मा संख्या | ५३ |
| २ | नविकरण जम्मा संख्या | ३४ |
| ३ | नविकरण हुन बाँकी | १९ |

# कृषि तथा पशु विकास :

कृषि उत्पादनको विविधिकरण, बजारीकरण, कृषि पर्यटनको विकास, रोजगारीको सृजना, खाद्य सुरक्षा, मानव स्वास्थ्यको प्रवर्द्धनमा योगदान पुर्याउन तिलोत्तमा नगरपालिकाले कृषि तथा पशु क्षेत्रको विकासको लागि विभिन्न कार्यक्रम संचालन गरेको छ । जसमध्ये प्रथम चौमासिकमा सम्पन्न मुख्य कार्यहरु तपसिल बमोजिम रहेका छन् ।



# कृषि

**१. कार्यक्रमको नामः वाली उपचार शिविर संचालन तथा आकस्मिक वाली संरक्षण सेवा**

- विनियोजित रकम रु (लाखमा): १.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: १.०,क्रियाकलाप कार्यान्वयनको अवस्था: धान वालीमा मिति २०७९/५/२८ तिनपा १६ मा वाली उपचार शिविर संचालन एवं ५२०० मि.लि. बोतल विषादि वितरण, वित्तिय प्रगति (लाखमा): ०.६९९४, कैफियत: कृषि १ान केन्द्र भैरहवा र राष्ट्रिय गहुँवाली अनुसन्धान कार्यक्रम भैरहवाको प्राविधिक हयोगमा संचालन गरिएको ।

**२. कार्यक्रमको नामः कृषि वाली कटानी प्रगति (खाद्यान्न तरकारी लगायत)**

- विनियोजित रकम रु (लाखमा): ३.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: ५१० वटा, क्रियाकलाप कार्यान्वयनको अवस्था: धान वालीमा वाली कध्ानी कार्य भइ रहेको, वित्तिय प्रगति (लाखमा): ०.४२

**३. कार्यक्रमको नामः खाद्यान्न वाली विज बृद्धि प्रबर्द्धन, ४० प्रतिशत अनुदानमा गहुँको उन्नत विउ वितरण**

- विनियोजित रकम रु (लाखमा): ४४.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: १४० मे.टन, क्रियाकलाप कार्यान्वयनको अवस्था: ११७.२८ मेंटन गहुँको उन्नत विउ वितरण भएको, वित्तिय प्रगति (लाखमा): ३५.७७६६४

**४. कार्यक्रमको नामः ससर्त कार्यक्रमः उन्नत विउ उपयोग ५० प्रतिशत अनुदानमा गहुँ विउ वितरण**

- विनियोजित रकम रु (लाखमा): १०.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: २३.८ मे.टन, क्रियाकलाप कार्यान्वयनको अवस्था: सघबाट तोकिएको श्रोत बमोजिम रौतहट र रुपन्देही गरी १९.०४ मे.टन संकलन तथा वितरण कार्य सम्पन्न भएको, वित्तिय प्रगति (लाखमा): ८.२२५२८



# कृषि



**५. कार्यक्रमको नामः खाद्यान्न वाली विज बृद्धि प्रबर्द्धन, हाइब्रीड मकै चक्लाबन्दीमा खेतीका लागि अनुदान**

- विनियोजित रकम रु (लाखमा): ३.०, वार्षिक लक्ष्य/प्रतिफल सूचकः ६० जना, क्रियाकलाप कार्यान्वयनको अवस्थाः प्राप्त प्रस्ताव उपर छानविन भइ उपयुक्त ठहर भएका उपभोक्तालाई कार्यक्रम संचालनका लागि संझौता गर्न बोलाइएको, कैफियतः ५ वटा मात्र प्रस्ताव प्राप्त भएको ।

**६. कार्यक्रमको नामः नमूना कृषक प्रबर्द्धन तरकारी/मौरी/च्याउ/नगदे वाली/नर्सरी स्थापना आदि**

- विनियोजित रकम रु (लाखमा): ५.०,वार्षिक लक्ष्य/प्रतिफल सूचकः २५ जना, क्रियाकलाप कार्यान्वयनको अवस्थाः प्राप्त प्रस्ताव उपर छानविन भइ उपयुक्त ठहर भएका उपभोक्तालाई कार्यक्रम संचालनका लागि संझौता गर्न बोलाइएको,

**७ कार्यक्रमको नामः संङियः आ.व. ण्ठड/ठढ मा स्थापना भएको तरकारी वाली पकेट विकास कार्यक्रमको निरन्तरता**

- विनियोजित रकम रु (लाखमा): ६.०, वार्षिक लक्ष्य/प्रतिफल सूचकः १, क्रियाकलाप कार्यान्वयनको अवस्थाः स्थल गत निरीषण बाट उपयुक्त ठहर भइ कार्यक्रम संचालनका लागि उपभोक्तालाई संझौता गर्न बोलाइएको ।

**८. कार्यक्रमको नामः संघियः खायन आलु उत्पादन कार्यक्रम**

- विनियोजित रकम रु (लाखमा): १५.०, वार्षिक लक्ष्य/प्रतिफल सूचकः १, क्रियाकलाप कार्यान्वयनको अवस्थाः कार्यक्रम संचालनकालागि प्रस्ताव २ पटक माग गर्दा समेत प्रस्ताव पेश हुन नआएको ।

# कृषि

**९. कार्यक्रमको नाम: पुष्प खेती प्रबर्द्धन**

- विनियोजित रकम रु (लाखमा): ४.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: १५ जना, क्रियाकलाप कार्यान्वयनको अवस्था: प्राप्त प्रस्ताव उपर छानविन भइ उपयुक्त ठहर भएका उपभोक्तालाई कार्यक्रम संचालनका लागि संझौता गर्न बोलाइएको, कैफियत: ५ वटा मात्र प्रस्ताव प्राप्त भएको

**१०. कार्यक्रमको नाम: व्यावसायिक तरकारी खेती प्रबर्द्धन पकेट विकास (नयाँ)**

- विनियोजित रकम रु (लाखमा): २.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: १, क्रियाकलाप कार्यान्वयनको अवस्था: कार्यक्रम संचालनकालागि प्रस्ताव २ पटक माग गर्दा समेत प्रस्ताव पेश हुन नआएको ।

**११. कार्यक्रमको नाम: नगर प्रमुख किसान कार्यक्रम**

- विनियोजित रकम रु (लाखमा): १०.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: १, क्रियाकलाप कार्यान्वयनको अवस्था: प्राप्त प्रस्ताव उपर छानविन भइ उपयुक्त ठहर भएका उपभोक्तालाई कार्यक्रम संचालनका लागि संझौता गर्न बोलाइएको ।

**१२. कार्यक्रमको नाम: सिंचाई मर्मत तथा निर्माणमा अनुदान**

- विनियोजित रकम रु (लाखमा): १०.०, वार्षिक लक्ष्य/प्रतिफल सूचक: २० आयोजना, क्रियाकलाप कार्यान्वयनको अवस्था: प्राप्त प्रस्ताव उपर छानविन भइ उपयुक्त ठहर भएका उपभोक्तालाई कार्यक्रम संचालनका लागि संझौता गर्न बोलाइएको, कैफियत: १७ वटा मात्र आयोजना छनौट भएका छन् ।



# समस्या, चुनौती र समाधानका उपायहरु ।

**समस्या तथा चुनौतीहरुः**

- खायन आलु उत्पादन कार्यक्रममा प्रस्ताव नआउनु । समाधानका लागि पुन सुचना प्रकाशन गरियो तर पनि कार्यविधि अनुसार क्षेत्रफल पुऱ्याउन नसकिने भएकोले कार्यक्रम संचालन हुन नसकेको ।
- तरकारी पकेट कार्यक्रम (नयाँ) संचालनका लागि प्रस्ताव नआउनु । समाधानका लागि पुन सुचना प्रकाशन गरियो तर पनि वडा नं. ९ बाट दक्षिण टोला तरकारी उत्पादन कृषक समूहकालागि सिफारिस आएता पनि सम्बन्धित कृषक समूहबाट आवश्यक कागजात सहित सम्पर्कमा आउन पटक पटक ताकेता गर्दा पनि नआएकोले कार्यक्रम संचालन हुन नसकेको ।
- गहुँ विउ वितरण गर्दा किसान बाट माग अत्यधिक भए ता पनि सहभागिता रकम कम परिमाणको मात्र जम्मा भइ लक्षित परिमाण खपत नहुनु । उपलब्ध केही विउ किराले खाइ गुणस्तर नभएको ।
- पुष्प खेती प्रबर्द्धन र चक्ला बन्दीमा मकै खेती कालागि माग न्यून हुनु ।
- सिमित कृषकमा अनुदानमुखी सोच कायम हुनु ।

**समाधानका उपायहरुः**

**प्रयाप्त प्रस्ताव प्राप्त नभएका आयोजनाहरुः**

- खायन आलु उत्पादन कार्यक्रमका लागि खेती पुन सुचना प्रकाशन गरियो तर पनि कार्यविधि अनुसार क्षेत्रफल पुऱ्याउन नसकिने भएकोले कार्यक्रम संचालन हुन नसकेको ।
- तरकारी पकेट कार्यक्रम (नयाँ) संचालनका लागि पुन सुचना प्रकाशन गरियो । दोश्रो पटकको सूचनाअनुसार वडा नं. ९ बा६ दक्षिण टोला तरकारी उत्पादन कृषक समूहकालागि सिफारिस मात्र आएता पनि सम्बन्धित कृषक समूहबाट आवश्यक कागजात सहित सम्पर्कमा आउन पटक पटक ताकेता गर्दा पनि नआएकोले कार्यक्रम संचालन हुन नसकेको ।
- संकलित सहभागिता रकम अनुसार मात्र गहुँ विउ उपलब्ध गराउन कृषि सामाग्री कम्पनी लि. लाइ अनुरोध गरिएको । गुणस्तर नभएको गुनासो प्राप्त भए अनुसार गहुँ फिर्ता पठाइ पुनः गुणस्तर विउल्याइ वितरण गरिएको ।
- पुष्प खेती प्रबर्द्धन र चक्ला बन्दीमा मकै खेती कालागि पुन सुचना प्रकाशन गरेको तर पनि प्रयाप्त प्रस्ताव नपरेको ।
- प्राप्त प्रस्ताव उपर स्थलगत निरीषण गरी उपयुक्तता र आवश्यकताका आधारमा मूल्यांकन गरी तिलोत्तमा नगरपालिका कृषि व्यावसाय प्रबर्द्धन समितिमा निणयार्थ पेश गरी योजना छनट गरिएको

# पशु सेवा

- **उत्पादनमा आधारित दुग्ध अनुदान वितरण कार्यक्रम सम्पन्न ।**

  मिति २०७९/०७/०३ गते तिलोत्तमा नगरपालिकाको हलमा ५३ जनाको सहभागीतमा १३ वटा सहकारी मार्फत कृषकहरुलाई ३२ लाख ३५ हजार ६ सय ७० लिटर दुध उत्पादनमा १ रुपैयाको दरले अनुदान वितरण गरियो ।

- **वर्षिम घाँस अनुदान तथा वितरण (८९२८ के.जी.) ५० प्रतिशत अनुदान कार्यक्रम सम्पन्न ।**

  मिति २०७९/०७/०३ गते देखि ६ गते सम्म प्रत्येक वडामा माग बमोजिमको ८,९२८ के.जी. विनियोजित बजेट १५ लाखबाट वर्षिम घाँस अनुदान तथा वितरण कार्य सम्पन्न गरियो ।

- **रेविज रोग सम्बन्धी सामुदायिक कुकुरमा भ्याक्सिन कार्यक्रम (कुकुर संख्या ५९१) सम्पन्न ।**

  मिति २०७९/६/६ गते देखि १२ गते सम्म प्रत्येक वडाहरुमा ५९१ वटा कुकुरहरुलाई रविज भ्याक्सिन विनियोजित बजेट १ लाखबाट सम्पन्न गरियो ।









# सामाजिक विकास

सामाजिक विकासले विशेष गरी मानवीय क्षमता विकाससँग सरोकार राख्दछ । विविध कारणले राज्य प्रदत्त सेवा सुविधाको उपयोगमा बञ्चितिकरणमा परेका वा पारिएका वर्ग समुदायको उत्थान, विकास तथा समाहिकरण गर्ने सामाजिक विकासले जोड दिन्छ । यसै गरी राज्यले विशेष सुविधा/आरक्षण एवम् प्राथमिक दिएर त्यस्तो वर्ग समुदायको पहुँच, पहिचान सहभागिता एवम् अपनत्व बोध गराई राष्ट्रको मुलधारमा समाहिकरण गर्न जोड दिन्छ । यस नगरपालिकामा चालु आ.व.को प्रथम चौमासिकमा सामाजिक विकासको क्षेत्रमा तपसिलमा कार्यक्रमहरु सम्पन्न भएका छन् ।






- मिति २०७९/०४/२४ गते विश्व आदिवासी जनजाती दिवसको अवसरमा चेतनामूलक १ दिने अभिमुखिकरण कार्यक्रम १०० जनाको सहभागितामा रु ९९ हजार लागतमा सम्पन्न।
- हालसम्म सुचिकृत संघसंस्था-१५
- विस्तार भएका टोलविकास संस्था-२
- सामुदायिक विकास कोषको परिचालन रु.१५ लाख ८ वटा सामुदायिक संस्थामा परिचालन गरिएको ।
- सामुदायिक विकास कोषको असुली रु.१४४८२५०/-
- नगरस्तरीय टोल विकास संस्था सञ्जालको १ ओटा बैठक सम्मन्न –सरसफाई अभियान संचालन गरी समुदायस्तरमा सचेत गराउने कार्य गर्नुका साथै असोज ३ गते १७ वटै वडामा एकै पटक नगरस्तरीय सरसफाई कार्यक्रम गरिएको ।

# महिला बालवालिका

## 1. महिलाको कानूनी अधिकार सम्बन्धी तालिम

मिति २०७९/०७/०२ र ३ गते संचालन भएको महिलाको कानूनी अधिकार सम्बन्धी तालिम नगरसभा महिला सदस्य ३५ जनाको सहभागितामा रु. १ लाख विनियोजित रकमबाट रु.८१३८० रकम खर्च भएको ।




## 2. अपाङ्गता समन्वय समिति पुर्नगठन

मिति २०७९/०६/२३ गते अपाङ्गता समन्वय समिति पुर्नगठन गरी मिति २०७९ कात्तिक सम्म क वर्ग ११, ख वर्ग २९, ग वर्ग २९ र घ वर्ग २ गरी जम्मा ७१ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरियो ।

## 3. जेष्ठ नागरिक परिचय पत्र वितरण

मिति २०७९ श्रावण देखि कात्तिक मसान्त सम्म महिला-१२ जना र पुरुष १८ जना गरी जम्मा ३० जनालाई जेष्ठ नागरिक परिचय वितरण गरिएको ।



# पञ्जीकरण

**जिल्ला:** रुपन्देही **गा.पा/न.पा.:** तिलोत्तमा **दर्ता मिति देखि:** २०७९-०४-०१ **दर्ता मिति सम्म:** २०७९-०७-२१

| | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गा वि स/न.पा. | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| तिलोत्तमा | ३७८ | २८७ | | ६६५ | १२५ | १२४ | | २४९ | २३ | २८२ | ३८८ | १३७९ | ११५ | ३१० | | १७२२ |
| **जम्मा** | ३७८ | २८७ | ० | ६६५ | १२५ | १२४ | ० | २४९ | २३ | २८२ | ३८८ | १३७९ | ११५ | ३१० | ० | १७२२ |

# पञ्जीकरण

| जिल्ला: रुपन्देही गा.पा/न.पा.: तिलोत्तमा आर्थिक वर्ष: २०७९/८० | | | | |
|---|---|---|---|---|
| | | पहिलो त्रैमासिक | | |
| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) |
| अन्य जेष्ठ नागरिक भत्ता | ४९७६ | १०५७ | २६ | ६००७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २५७ | २७ | २ | २८२ |
| जेष्ठ नागरिक एकल महिला | ९५९ | ३१ | १ | ९८९ |
| विधवा | १६४२ | ६० | ३ | १६९९ |
| पूर्ण अपाङ्गता भत्ता | १५८ | १९ | ० | १७७ |
| अति अशक्त अपाङ्गता भत्ता | ३२३ | २५ | ० | ३४८ |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० |
| दलित बालबालिका | २८४ | ४२ | १० | ३१६ |
| लोपन्मुख जाति | ४३ | ० | ० | ४३ |
| जम्मा | ८६४२ | १२६१ | ४२ | ९८६१ |

# स्वास्थ्य सेवा

**स्वस्थ्य जीवन स्वस्थ्य नगरवासी**को मूल नारा लिएर तिलोत्तमा नगरपालिका स्वास्थ्य क्षेत्रको विकास एवम् सेवा प्रवाहमा स्वस्थ्य नागरिक तयार गरी राष्ट्र निर्माणमा टेवा पुर्याउने ध्येयले विभिन्न अनुकरणीय कार्यहरु संचालित छन् । प्रथम चौमासिकमा सम्पादित मुख्य कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- मिति२०७९\०६\३१ सेमरा बजार स्वास्थ्य चौकीमा थप सेवाको रुपमा भिडियो एक्सरे(USG) सेवा र एक्सरे (X-RAY) सेवा सुभारम्भ भयो ।
- मिति २०७९\०७\०६ गते आनन्दवन स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- मिति २०७९ श्रावण १६ देखि २२ गते सम्म सबै वडाहरुमा स्तनपान सप्ताह मनाइएको । सुनौलो १००० दिनका आमाहरुको उपस्थितिमा स्तनपान सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो |
- मिति२०७९/०४/१६ देखि १८ गते सम्म ५ बर्षदेखि ११ बर्षसम्मका १९८०० जना बालबालिकाहरुलाई कोभिड-१९ बिरुद्धको दोस्रो खोप लगाईयो ।निरन्तर रुपमा १२ वर्ष देखि माथिको उमेर समूहको लागि पहिलो र दोस्रो र बुस्टर पहिलो र बुस्टर दोस्रो खोप संचालन भएको ।
- डेंगु रोग सम्बन्धी नगरपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम निर्वाचित जनप्रतिनिधिहरु, स्वास्थ्य सस्था प्रमुखहरु, सरोकारवाला सहितको सभागीतामा संचालन गरियो |
- २०७९/०५/०२ गते देखि ०४ गते सम्म तिलोत्तमा सिकलसेल एनिमिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन । १७२ जनाको परीक्षण गर्दा ३० जना बिद्यार्थीको रिपोर्ट पोजिटिभ रहेको ।
- स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई क्षयरोग सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न ।





# स्वास्थ्य सेवा

- ०७९/०८० को लागि स्वास्थ्य सम्बन्धी वार्षिक कार्ययोजना निर्माण कार्यक्रम सम्पन्न ।
- ८ औ **राष्ट्रिय गर्भपतन दिवसको अवसरमा** अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- मिति२०७९\०६\२४ गते **अन्तराष्ट्रिय मानसिक स्वास्थ्य दिवसका अवसरमा** सचेतना कार्यक्रम संचालन साथै आनन्दवन स्वास्थ्य चौकिमा **मानसिक स्वास्थ्य सेवा सुभारम्भ** कार्यक्रम सम्पन्न गरियो ।
- यस न.पा. अन्तर्गत का ७ वटा स्वास्थ्य सस्था मार्फत दर्ता भई उपचाररत ३० जना कुष्ठ रोगका बिरामीहरुको प्रमाणीकरण तथा नक्सांकन कार्य सम्पन्न ।
- २०७९\०६\२९ गते **विश्व हात धुने दिवस** तथा **२८ औ राष्ट्रिय कण्डम दिवस** सम्पन्न ।
- **करहिया र कुलीगढ स्वास्थ्य चौकीमा** DHIS-२ मासिक प्रतिबेदनको online entry संचालन ।
- नगरपालिका भित्र कोभिड-१९ रोगको कारण मृत्यु भएका १७९ जना मध्ये ४५ जना को लागि १०००००|- एक लाखका दरले प्रदेश सरकारबाट निकासा गराई उपलब्ध गराइयो ।
- निशुल्क औषधि वितरणको लागि खरिद प्रक्रिया अगाडी बढाइएको ।





# समस्या, चुनौती र समाधानका उपायहरु।

## समस्याहरू

- डेङ्ग रोग नियन्त्रण तथा रोकथामको लागि सबै वडाका गाँउ बस्तीहरुमा डेङ्गु रोग लगाउने लामखुट्टेको बासस्थान खोजी र नष्ट गर्ने अभियान निरन्तर संचालन गर्न कठिनाई र बजेट अभाव ।
- स्वास्थ्य संस्थाहरुबाट मासिक कार्य सम्पादनको रिपोर्ट अनलाईन इन्ट्रीको लागि समय समयमा इन्टरनेट अवरुद्ध भई समस्या परेको ।
- थारु समुदायमा देखिने सिकलसेल तथा थालेसिमिया रोगको पहिचानको लागि सबै विद्यालयमा रहेका थारु समुदायका बालवालिकालाई चेकजाच प्रक्रियामा ल्याउन रकम अभावका कारण कठिनाइ परेको ।

## चुनौती

- स्वास्थ्यसँग सम्बन्धित रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि सबै सरोकारवाला निकायलाई निरन्तर परिचालन गर्न कठिनाई ।

## समाधानका उपायहरू

- स्वास्थ्य संस्थाहरु, विद्यालयहरु र टोल विकास संस्था मार्फत जनचेतनाका कार्यक्रम तथा हरु संचालन गरिदै आएकोमा थप प्रभावकारी बनाउन अझ बढी प्रयासहरु गर्ने ।
- डेङ्ग रोग नियन्त्रण तथा रोकथामको लागि सबै वडाका गाँउ बस्तीहरुमा डेङ्ग रोग लगाउने लामखुट्टेकोको बासस्थान खोजी र नष्ट गर्ने अभियान संचालन गरिएको र थप प्रभावकारी बनाउन निरन्तरता दिने ।
- स्वास्थ्य संस्थाहरुबाट मासिक कार्य सम्पादनको रिपोर्ट अनलाईन इन्ट्रीको लागि समय समयमा इन्टरनेट अवरुद्धको समस्यालाई कम गर्न सूचना प्रविधि शाखामा समन्वय गरी क्षमता विस्तार गर्ने ।
- थारु समुदायमा देखिने सिकलसेल तथा थालेसिमिया रोगको पहिचानको लागि सबै विद्यालयमा रहेका थारु समुदायका बालवालिकालाई चेकजाच प्रक्रिया स्वास्थ्य कार्यालय रुपन्देहीको समन्वयमा अगाडि बढाइएको र थप विद्यालयमा चेकजाचको लागि निरन्तरता दिने ।

# आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा

- अत्यावश्यक आयुर्वेद औषधी खरिद सम्पन्न ।
- औषधालयमा सेवा लिन आएका १६८ जना सेवाग्राहीलाई जडीबुटीका विरुवा वितरण ।
- स्थानीय जनताको उपस्थितीमा धन्वन्तरी जयन्ति मनाएको ।
- जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिएकोमा यस आ.व. देखि जेष्ठ नागरिकलाई ग्लुको मिटर वाट व्लड सुगर परीक्षण समेत शुरु गरिएको छ ।
- पूर्वकर्म कार्यक्रम अन्तर्गत नियमित दिदै आएको सेवामा वस्ती चिकित्सा र पिण्ड स्वेद चिकित्सा सेवा समेत सुरु भएको ।






# वातावरण तथा विपद् व्यवस्थापन

तिलोत्तमा **नगरपालिकामा ग्रिन तिलोत्तमा:क्लिन तिलोत्तमा**को नारा लिएर सरसफाई र हरियाली प्रवर्द्धनको क्षेत्रमा विभिन्न अभियानहरु संचालित छन् । जसले मानव स्वास्थ्य, जैविक विविधताको संरक्षण स्वच्छ वातावरण निर्माणमा टेवा पुर्याएको छ । आ.व. २०७९ को प्रथम चौमासिकमा यस क्षेत्रमा सम्पादित कार्यहरुलाई तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

- प्रत्येक महिनाको १ र १५ गते पाक्षीक रुपमा गरिदै आएको नगर सफाई र हरियाली प्रवर्द्धन कार्यक्रमको निरन्तरता दिंदै हाल ९३ औ संस्करण सम्पन्न ।
- विभिन्न संघ संस्थाहरुको सहयोग तथा समन्वयमा सडक तथा सार्वजिनक स्थलमा ३४८० बरावर विभिन्न प्रजातीका विरुवाहरुको वृक्षारोपण ।
- सिक्सलेन सडकको हरियाली जोनमा रोपिएका Ornamental विरुवाहरुको काटछाट तथा सरसफाई गरी सडक सौन्दर्यीकरण ।





# वातावरण तथा विपद् व्यवस्थापन

- जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी वडा नं.-३ र ४ अन्तर्गतको तिनाउ नदी क्षेत्रको Canalize गरी नदी कटान कार्य रोकथाम गरिएको।
- सुखौरा खोलाको नदीजन्य पदार्थ उत्खननका लागि वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन तयार गर्न प्रकृया अगाडी बढाइएको ।
- नगर प्रहरीलाई ६ वटा वाकीटकी खरिद गरी हस्तान्तरण गरिएको ।





# न्यायिक समिति

नगपालिका अन्तर्गतका १० वटा वडा कार्यालयमा वडास्तरीय मेलमिलाप केन्द्र गठन कार्य सम्पन्न ।

| क्र.स | विवादको प्रकृति | जम्मा विवादहरु |
|---|---|---|
| १ | जग्गा विवादहरु | ६ |
| २ | निर्माण कार्यसँग सम्बन्धित | १ |
| ३ | घरायसी झगडा | १ |
| जम्मा विवाद संख्या | | ८ |
| | सहमती भएका विवादहरु | ६ |
| | छलफलको क्रममा रहेका विवाद | १ |
| | सहमती हुन नसकेको विवाद | १ |






# रोजगार सेवा केन्द्र

- रोजगारीको हक संरक्षण सम्बन्धी कार्यका लागि स्थानीय निर्देशक समिति गठन गरिएको।
- आ.व. २०७९/०८० का लागि बेरोजगार व्यक्तिहरुको अन्तिम सूची कार्यपालिका बैठक मार्फत स्वीकृत गरिएको।
- आ.व. २०७९/०८० मा न्यूनतम रोजगारी प्रदान गर्नका लागि वडा कार्यालय मार्फत रोजगारमूलक आयोजनाहरु माग गरिएको।
- वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुर्‍याइएको।
- जिल्ला प्रशासन कार्यालयको निर्देशन बमोजिम अनलाइन श्रम स्वीकृती तथा इ-पासपोर्ट का लागि सहजीकरण गरिएको।

# समस्या, चुनौती र समाधानका उपायहरु

| क. स. | विनियोजित बजेट | | कुल बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | संघीय सशर्त अनुदान | तिलोत्तमा नगरपालिका | | | |
| १ | ५४०००० | १३००००० | ६७००००० | ५२४७०४ | ७.८३% |

## चुनौतीहरु

- सबै समयमा वेवसाइट नखुल्ने तथा सूचनाका आधारमा मात्र केही समयको लागि खुल्ने र अत्याधिक चापका कारण क्षणभरमै कोटा सकिने हुंदा अनलाइन इ–पासपोर्ट सम्बन्धी कार्य सहज रुपमा गर्न नसक्नु।

## समाधानका उपायहरु

- इ–पासपोर्ट सम्बन्धी कार्यका लागि सबै समयमा वेवसाइटमा विवरण भर्न सकिने व्यवस्था मिलाउने वा गाउँपालिका/नरपालिकाको सम्बन्धित शाखालाई छुट्टै Username र Password को व्यवस्था गरी सहज रुपमा समयमै विवरण भर्न सकिने व्यवस्था मिलाउने।

# सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

| क.स. | सम्पन्न गरिएका क्रियाकलाप | ठेगाना | जम्मा |
|---|---|---|---|
| १ | फलोअप कक्षा संचालन (पुर्नताजगी सहभागीहरुको लागि) | वडा नं.-१०,११,१२,१३ | १६ वटा |
| २ | वडास्तरीय भेला तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न | वडा नं.-७,८,९,११ | ४ वटा |
| ३ | व्यक्तिगत मनोसामाजिक परामर्श | ति.न.पा. विभिन्न वडा | ८ वटा |
| ४ | वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको प्रतिवद्दता फर्म सर्वेक्षण | वडा नं.-७,८,९,११ | १४० जना |
| ५ | वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको प्रतिवद्दता फर्म सर्वेक्षण | वडा नं.-७,८,९,११ | १५० जना |
| ६ | रिटर्नी स्वयंसेवक परिचालन (सूचना प्रदान) | ति.न.पा. विभिन्न वडा | ७५० जना |
| ७ | कक्षा व्यवस्थापन समितिको बैठक | वडा नं.-१०,११,१२,१३ | ४ वटा |
| ८ | घरभेट फलोअप | वडा नं.-१०,११,१२,१३ | २५ जना |
| ९ | वित्तिय साक्षरता तथा मनोपरामर्श नयाँ कक्षा शुभारम्भ | वडा नं.-७ | १ वटा |

# गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

| क्र.स. | सम्पन्न गरिएका क्रियाकलाप | ठेगाना | जम्मा |
|---|---|---|---|
| १ | साझा सुविधा केन्द्र हस्तान्तरण कार्यक्रम | वडा नं.-७ को कार्यालय | १ वटा |
| २ | उद्यम विकास समितिको बैठक | कार्यालय | १ पटक |
| ३ | समूह विकास समितिको बैठक | वडा नं.-३,४,७,१४ | ८ वटा |
| ४ | वडास्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न | वडा नं.-६ | १ वटा |
| ५ | वडास्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न | वडा नं.-११ | १ वटा |
| ६ | स्रोत सर्वेक्षण कार्यक्रम सम्पन्न | वडा नं.-६ | १ वटा |
| ७ | स्रोत सर्वेक्षण कार्यक्रम सम्पन्न | वडा नं.-११ | १ वटा |
| ८ | बजार सर्वेक्षण कार्यक्रम सम्पन्न | वडा नं.-६ | १ वटा |
| ९ | बजार सर्वेक्षण कार्यक्रम सम्पन्न | वडा नं.-११ | १ वटा |
| १० | सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम | वडा नं.-६ | २ वटा |
| ११ | सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम | वडा नं.-११ | २ वटा |
| १२ | घरधुरी सर्वेक्षण कार्यक्रम | वडा नं.-११ | २ वटा |
| १३ | पुराना लघु उद्यमीहरुको आवश्यकता पहिचान कार्यक्रम | वडा नं.-१४, ४ | ४० जना |

# समस्या/चुनौतीहरु

- पूजीगत खर्च न्यून भएको ।
- योजना संचालन गर्ने क्रममा : वडा नं.६ को वडा कार्यालयको भवन निर्माण गर्न स्थानीय सहमती जुट्न नसकेको ।
- वडा नं.१४ को भवन निर्माण गर्ने जग्गाको प्राविधिक अनुगमन गर्न समय लागिको ।

# धन्यवाद